| सन्धिखर्कनगरपालिकाको ऐन सख्या | ०१ |
|---|---|

# सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०७४

कार्यपालिकाबाट स्वीकत मिति :-२०७४/५/३१

## सन्धिखर्क नगरपालिका

## अर्घाखाँची जिल्ला

## प्रदेश नं. ५

# सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०७४

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सन्धिखर्क नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल असोज ०१ गतेदेखि नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र अनुसूचि ( १) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र अनुसूचि ( २) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( ३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ( ६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ( ७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** सन्धिखर्क नगरपालिका को क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यापफ्टीङ्ग शुल्कः** सन्धिखर्क नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** सन्धिखर्क नगरपालिकाले नगर क्षेत्रमा सरसफाई सेवा उपलब्ध गराए वापत तथा निर्माणा संचालन वा व्यवस्थापन गरेका पूर्वाधार एवं उपलब्ध गराएको सेवामा अनूसूचि (१२) मा उल्लेखित दरमा वार्षिक सरसफाई शुल्क तथा उल्लेखित सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **नक्शा पास शुल्क, दस्तुरः** सन्धिखर्क नगरपालिकाले नगर क्षेत्र भित्र निर्माण हुने घर , भवन तथा संरचनामा लगायतमा अनुसूची (१३) मा उल्लिखित दरमा घर नक्शा पास शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१५. **पर्यटन शुल्कः** सन्धिखर्क नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१४) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१६. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सन्धिखर्क नगरपालिकाले तोके अनुसार हुने छ।

# नगरपालिकाको राजश्व दररेट

यस सन्धिखर्क नगरपालिकाको आ.व. २०७४।७५ को लागि नगरस्तरीय राजश्व परामर्श समितिबाट प्राप्त सिफारिस तथा राजश्व प्रक्षेपण, कर प्रक्षेपण प्रतिवेदन उपर छलफल गरी पेश भए अनूसारको सिफारिसलाई स्वीकृत गरी देहाय बमोजिमको राजश्व सम्बन्धि दररेटहरु कायम गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | **सरसफई शुल्क** | | |
| १.१ | **दैनिक ट्रयाक्टरजाने ठाउमा** | | |
| | क) सेमिनार हल सहितको होटल | ३००० | बार्षिक |
| | ख) खानेबस्ने सुविधा सहितको होटल | १८०० | बार्षिक |
| | ग) खाने सुविधा भएका होटल र रेष्टुटेण्ट | १२००। | बार्षिक |
| | घ) व्यापार व्यवसाय भएको घरमा दुईवटा सटर भएको र दुईभन्दा बढी सटर भएको थप ५००। | १२०० | बार्षिक |
| | ड) बस्ने घरको लागि मात्र ४ कोठाको ६०० त्यो भन्दा बढीको प्रतीकोठा १०० | ६०० | बार्षिक |
| | च) फे्स हाउस | १५०० | बार्षिक |
| | छ) मेडीकल | १५०० | बार्षिक |
| | ज) पोलीकीलनीक | २००० | बार्षिक |
| | झ) शषिा प्रयोग गर्ने फर्निचर | १५०० | बार्षिक |
| | ञ) मिनलर वाटर उधोग | ३०००।०० | |
| २ | सडक बत्ति उपयोग शुल्क | २५०।०० | बार्षिक |
| ३ | **व्यापार कर (बार्षिक)** | | बार्षिक |
| | • कपडा पसल | ५८०।०० | बार्षिक |
| | • फेन्सी पसल | ५८०।०० | बार्षिक |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| | • किराना पसल | ५८०।०० | बार्षिक |
| | • औषधी पसल | ७००।०० | बार्षिक |
| | • आफ्नो कपडा पसलसहितको टेलरिङ्ग शप | ८६५।०० | बार्षिक |
| | • सामान्य टेलरिङ्ग शप | ५८०।०० | बार्षिक |
| | • व्यूटी पार्लर | ५८०।०० | बार्षिक |
| | • हेयर कटिङ्ग सैलुन | ५८०।०० | बार्षिक |
| | • सून चाँदी | १३००।०० | बार्षिक |
| | • भाँडा पसल | ५८०।०० | बार्षिक |
| | • दैनिक उपभोग्य बस्तूको थोक विक्रेता | ५८०।०० | बार्षिक |
| | • घडी मर्मत | २००।०० | बार्षिक |
| | • मोवाईल लगातय इलेक्ट्रीक वा इलेक्ट्रोनिक्स सामानहरु मर्मत | ८००।०० | बार्षिक |
| | • फलफूल तरकारी होलसेल | ८००।०० | बार्षिक |
| | • फलफूल तरकारी अन्य | ५००।०० | |
| | • फोटो ग्राफर | ७००।०० | बार्षिक |
| | • कलर ल्याब | ८२०।०० | बार्षिक |
| | • स्टेश्नरी पूस्तक पसल | ७२०।०० | बार्षिक |
| | • डाक्टर, वकिल, लेखा परिक्षक, परामर्शदाता, सर्वेयर, इन्जिीनियरिङ्ग, आदि व्यावसायमा | १५००।०० | बार्षिक |
| | • वैद्य कविराज | ५८०।०० | बार्षिक |
| | • प्लास्टिकका फर्निचर, कारपेट तथा अन्य सजावटका सामानहरु | १०००।०० | बार्षिक |
| | • माछामासू पसल (फ्रेस हाउस) | ७००।०० | बार्षिक |
| | • मिठाई पसल | ५५०।०० | बार्षिक |
| | • फोटोकपि, कम्प्यूटर, फ्याक्स, टेलिफोन सेवा, Exdel Service, साईवर सेवा | ६००।०० | बार्षिक |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| | • काठ व्यवसाय (साल काठ प्रति क्यू.फिट) | २.५ | बार्षिक |
| | • काठ व्यवसाय (अन्य काठ प्रति क्यू.फिट) | १.५ | बार्षिक |
| | • पेण्टिङ्ग व्यवसाय | ५५०।०० | बार्षिक |
| | • मोटर वा विभिन्न मेशिनरी पार्ट पूर्जा आदी विक्रेता | ३००।०० | बार्षिक |
| | • दाँत बनाउने वा उपचार केन्द्र | ५००।०० | बार्षिक |
| | • सवारी साधन तथा जेनेरेटर, साथै अन्य मेशिनरी तयारी सामान बिक्रि | १५००।०० | बार्षिक |
| | • हेभि ईक्विपमेन्ट बस, ट्रक, कार जिप, माआदि मर्मत र वर्कसप | १५००।०० | बार्षिक |
| | • मोटरसाईकल र साइकल मर्मत | ५००।०० | बार्षिक |
| | • कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्थाहरु | १५००।०० | बार्षिक |
| | • विद्यूत सामाग्री पसल | ५८०।०० | बार्षिक |
| | • ड्राई क्लिनर्स व्यवसाय | ४८०।०० | बार्षिक |
| | • मेशिन द्वारा हावा भर्ने पंचर बनाउने वेल्डिङ समेत | ४८०।०० | बार्षिक |
| | • ईलेक्ट्रोनिक या इलेक्ट्रिक्स सबै किसिमका सामानहरुको बिक्रि व्यवसाय | ६००।०० | बार्षिक |
| | • निर्माण सामाग्री पसल हार्डवेयर | १२००।०० | बार्षिक |
| | • गिट्टी, वालूवा, ढूङ्गा आदि विक्रि व्यवसाय | ९००।०० | बार्षिक |
| | • चश्मा पसल तथा मर्मत | ५८०।०० | बार्षिक |
| | • स्वदेशी कपडा शोरुम | ५८०।०० | बार्षिक |
| | • कम्प्युटर ,फ्याक्स फोटोकपि र अन्य इलेक्टि्क्स सामानहरु र सोको पार्टपुर्जा बिक्रि तथा सप्लायर्स | १२००।०० | बार्षिक |
| | • तयारी सिरक, डसेना तकीया बनाई विक्री गर्ने तथा कार्पेट कूर्सि आदिको बिक्रेता | ५८०।०० | बार्षिक |
| | • ठेक्का व्यवसाय नगरपालिकामा केन्द्रिय कार्यालय भएको निर्माण व्यवसाय | २७००।०० | बार्षिक |
| | • नर्सिङ होम | ३१००।०० | बार्षिक |
| | • श्रृङ्गार एवम उपहारका सामानहरु बिक्रि | ५८०।०० | बार्षिक |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| | • पशू औषधी, विऊ विजन, मल तथा कृषि औजार विक्रेता (एग्रोभेट) | ५८०।०० | बार्षिक |
| | • मदिरा एवं पेय पदार्थ बिक्रि | १२००।०० | बार्षिक |
| | • सांस्कृतिक कला केन्द्र प्रशिक्षण संस्था | ५८०।०० | बार्षिक |
| | • विविध तालिम केन्द्र | ५८०।०० | बार्षिक |
| | • मनोरञ्जन कर प्रति टिकट | २५ पैसा | बार्षिक |
| | • स्थायी सिनेमा हल | ६००।०० | बार्षिक |
| | • सर्कस र खेल चटक आदिलाई दैनिक | ७००।०० | बार्षिक |
| | • रमाईलो मेला साँस्कृतिक कार्यक्रम आदि प्रतिदिन ( आयोजक संग मूनाफा मूलक भएमा लिने) | ७००।०० | बार्षिक |
| | • औधोगिक व्यपार मेला आदि प्रतिदिन | १५००।०० | बार्षिक |
| | • गैर सरकारी अस्पताल स्वास्थ्य सेवा | २०००।०० | बार्षिक |
| | • प्रयोगशाला (ल्याव र ल्याव्रोटरी) | ७००।०० | बार्षिक |
| | • ड्राइभिङ्ग इन्स्टिीचयूट | ७००।०० | बार्षिक |
| | • ट्रान्सपोर्ट व्यवसाय | ७००।०० | बार्षिक |
| | • हाड बजार प्रति स्टलप्रति दिन कृर्षिजन्य ६० अन्य | १००।०० | बार्षिक |
| | • केवल टि.भि. व्यवसाय | ६६००।०० | बार्षिक |
| | • कन्सलटेन्सी व्यवसाय निर्माण सग सम्बन्धित १५०० अन्य | १०००।०० | बार्षिक |
| | • प्राइभेट वोर्डिङ्ग (स्कूल निजी विद्यालय) | १०००।०० | बार्षिक |
| | • प्राईभेट क्याम्पस १०+२ | १०००।०० | बार्षिक |
| | • फ्रेम, सिशा, फोटो, पोष्टर पोस्टकार्ड आदि विक्रेता | ५८०।०० | बार्षिक |
| | • लाइट, लाइटर, मैन्टोल, स्टोप, छाता ग्यास चूल्हो आदि मर्मत गर्नेसँग | २५०।०० | बार्षिक |
| | • एफ.एम. रेडियो तथा विज्ञापन सेवा | ५००।०० | बार्षिक |
| | • जग्गा प्लटीङ्ग को लागी मालपोत रजिश्टेशन प्रयोजनको लागी कायम भएको दर रेटको २ प्रतिशत | | |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| | • जग्गा बिकास अनूमती दस्तूर १ रोपनीको | १०००।०० | को दरले |
| | • भाडा पसल | ५८०।०० | |
| | • सेमिनार हल सहितको होटल | १५००।०० | बार्षिक |
| | • खानेबस्ने सुविधा सहितको होटल | ११००।०० | बार्षिक |
| | • खाने सुविधा भएका र रेष्टुटेण्ट | ९००।०० | बार्षिक |

***नोटः १) धेरै प्रकार व्यापारिक वस्तुसगै राखी व्यावसाय गर्नेको हकमा विक्रीका लागि राखिएका बस्तु मध्ये अधिकत्तम दरको बस्तुको व्यापार कर लाग्ने छ ।***

***२) व्यावसायिक विकासको स्तर र कारोवारको अवस्थालाई मध्यनजर गरी व्यापार कर(बार्षिक) को उपर्युक्त उल्लेखित दरहरु फुदवाडबजारदेखि सन्धिखर्कडचुत्रावेसी र विहारसम्मका व्यवसायका लागि हुनेछ । सो बाहेकका नगर क्षेत्रका व्यवसायिक पसलहरु प्रत्येकमा रु.३०। कम लाग्ने छ ।***

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घर कर र भूमिकर क्षेत्र वर्गीकरण | | | | |
| | १) फुदवाडदेखि सन्धिखर्क, चुत्रावेसी र विहारबजार क्षेत्र<br>२) सन्धिखर्कदेखि प्रत्येक वडामा पुग्ने पक्की मुलबाटो र ग्राभेल सहायक राजमार्गसग जोडिएका घर र जग्गा<br>३) माथि सि.नं १ र २ बाहेकका अन्य नगर क्षेत्र | | | | |
| | विवरण | | १नं. | २नं. | ३ नं. |
| ४.१ | घर कर | माटोको जोडाई भएको र फुसको टिनको छानो सहितको कच्ची रु. | ४० | ३० | १० |
| | | एक तल्ले पक्की घर रु. | ७० | ६० | २० |
| | | दुइ तलाघर | १२० | ८० | ५० |
| | | भन्दा बढी पक्की घर प्रति तला | ५० | ३५ | २० |
| ४.२ | भूमीकर | प्रति रोपनी कर रु. | ९० | ३० | ५ |
| ५ | **विज्ञापन कर** | | | | |
| | • होडिङ बोर्ड नियोन साईन तथा अन्य ठूला विद्युतीय वोर्डहरु प्रति बर्ग फिट | | ४० | | |
| | • ग्लो साईन बोर्ड डि.पी.एस.आदी | | १०००।०० | | |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| | • भित्ते लेखन पटके ब्यबसाय प्रयोजनको लागी प्रति बर्ग फुट | ७०० | |
| | • तुल व्यानर पटके प्रति बर्ग फुट | ७०० | |
| ६ | **उद्योग व्यावसाय कर** | | |
| | • क्सर उधोग | ३०००।०० | |
| | • छापाखाना | १५००।०० | |
| | • चिम्नी ईटा, सधारण ईट्टा, टायल उद्योग | १५००।०० | |
| | • बल्क, मूठ्ठल, गमला, आदि उद्योग | ११००।०० | |
| | • सावुन उद्योग | ९६०।०० | |
| | • वेकरिज, दालमोठ, विस्कूट र आइस्क्रिम उद्योग, चाउमिन र चाउचाउ उद्योग | ७२०।०० | |
| | • मसला उद्योग | ६००।०० | |
| | • मैनबत्ती र चक उद्योग | ३६०।०० | |
| | • होजियरी उद्योग | ७२०।०० | |
| | • धान, तोरी, पिठो, चिउरा आदि मिल | ७२०।०० | |
| | • जूत्ता उद्योग | ७२०।०० | |
| | • भाडा उद्योग, तामा पित्तल र कलात्मक मुर्ति वनाउने उद्योग | ७२०।०० | |
| | • आलमुनियम उद्योग | १५००।०० | |
| | • स्टिल फर्निचर आदि उद्योग | १५००।०० | |
| | • तयारी पोशाक उद्योग | ९६०।०० | |
| | • फर्निचर तथा काष्ठ उद्योग साधारण | १५००।०० | |
| | • पोल्ट्री फर्म | ९२०।०० | |
| | • स मिल सहितको फर्निचर | ३०००।०० | |
| | • डेरि उद्योग | ९२०।०० | |
| | • ग्रिल उद्योग | १५००।०० | |

| सि.नं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| ७ | **डिलरसीप एजेन्सी व्यवसाय कर** | | |
| | • बेट्री, सावुन, विस्कूट, र अन्य किराना विसाता समेत | ७२०।०० | |
| | • मट्टितेल, डिजल, पेट्रोल आदी | १५००।०० | |
| | • सिमेण्ट, चूरोट, चिनी र साल्ट ट्रेडिङ्गको | १५००।०० | |
| | • वियर, अन्य सिलबन्दी मदिरा | १५००।०० | |
| | • सफ्ट ड्रिङ्क (कोक, फेन्टा, पेप्सी आदिको लिरसिप डिपो आदिमा | १५००।०० | |
| | • L.P. ग्याँस डि.पो. | १०००।०० | |
| | • टि.भी. डेक रेफ्रीरेजरेटर | १५००।०० | |
| ८ | **वित्तिय संस्था** | | |
| | • बैंकि सेवा नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक क र ख | ७२००।०० | |
| | • वित्तिय कम्पनि शाखा कार्यालय | १५००।०० | |
| | • विमा संस्था | ७२००।०० | |
| | • विदेशी मुद्रा सटही मनी ट्रान्सफर | १५००।०० | |
| | • बैक कारबार गर्ने सहकारी बैंक | १५००।०० | |
| | • नेपाल टेलीकम | ६०००।०० | |

९. **अस्थायी हाट वजार वा घूम्ती पसल:**

यस अनूसुचीमा अन्यत्र जूनै सूकै कूरा लेखिएको भएता पनि अस्थायी हाट बजारमा वा घूम्ती पसल राखि गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लाग्ने छ ।

(१) घूम्ती (मोवाइल) पसल खूम्चा, मम्फली, तरकारी, पाउरोटी, चिया, हजाम, पान, आदि

व्यापार गर्नेसँग दैनिक ........................................................ रु. २०।

अथवा माशिक दिनेलाई.......................................................रु ३००।

(२) फेरीवाला भाडा, कपडा तथा किराना विसाता आदिमा दैनिक रु. ३०।

(३) विभिन्न किसिमको रेडिमेट कपडा पसल खाट वा ठेला वाला समेत

सार्वजनिक स्थलमा पसल राख्ने संग

(क) दैनिक दिनेलाई ............................................................रु. ५०।

(ख) मासिक एकमूष्ट अग्रीम् दिनेलाई .......................................रु. ५००।

(द्ध) पर्व मेलामा अस्थायी दूकान राख्नेहरुसँग .................................. रु. २०।

## १०. <u>सिफारिस दस्तुर</u>

स्थानिय स्वयत्त शासन ऐन नियमावली अनूसार तपसील बमोजिम यस कार्यालयले प्रदानगर्ने तपसीलका सेवाहरुमा निम्न बमोजिम सिफरिस दस्तूर लगाईने निर्णय गरियो ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | विटौरी इजाजत दस्तूर | ५०।०० |
| २ | काठको शिफारिस<br>आफ्नै जग्गामा रहेको कू काठ मध्ये सल्लो प्रति रुख ५० र अन्य कू काठ प्रति रु २५ | ४००।०० |
| ३ | नाता प्रमाणित सिफारिस प्रति फोटा | १२०।०० |
| ४ | पेन्सन सम्बन्धिको कूनै पनि सिफारिसमा | ४८०।०० |
| ५ | नागरिकता सिफारिस | ३०।०० |
| ६ | नाागरीकता, लालपुर्जा तथा अन्य कूनै पनि प्रमाण पत्र आदि नाम थर फरक सिफारीस | १२०।०० |
| ७ | अङ्गिकृत नागरिकता (वैवाहिक) | १८००।०० |
| ८ | घरजग्गा नामसारी | १२०।०० |

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| ९ | अंशवण्डा सिफारिसमा | १२०।०० |
| १० | बकस पत्रमा | ५००।०० |
| ११ | अपूतालिमा | २०००।०० |
| १२ | विशेष सूविधा प्राप्त गर्ने प्रयोजनको लागि अन्य सिफारिस<br>क) साधारण<br>ख) विशेष | <br>१२०।००<br>६००।०० |
| १३ | नया कार्ड वापत | ५०।०० |
| १४ | निवेदन फाराम प्रति एकको | १५।०० |
| १५ | नेपाली कागजको फारम १ को | २०। |
| १६ | सम्पती मूल्याङ्कन र आयश्रोतको प्रमाणितमा सयकडा<br>(घरभाडा आयश्रोत देखाएमा सोको २% बहालकर थप लाग्ने) | ०।१५ |
| १७ | चौकिल्ला सिफारिस दस्तूर (घरजग्गाको)<br>शहरी वडा (घर कर भुमीकर प्रयोजनको १ नं. क्षेत्र)<br>ग्रामीण वडा (घर कर भुमीकर प्रयोजनको २ र ३नं. क्षेत्र) | ५००।००<br><br>१२०।०० |
| १८ | औद्यागिक प्रयोजनको लागि गरिने सिफारिस | १२००।०० |
| १९ | मिलापत्र दस्तूर दूवै पक्षबाट २५०। का दरले | ५००।०० |
| २० | वैदेशिक काम काजको लागि प्रयोजन हूने भारत वाहेक अन्य देशमा सिफारिसमा | ६००।०० |
| २१ | खानेपानी प्रयोजनको लागि कूनै व्यहोराको सिफारिस | २४०।०० |
| २२ | खानेपानी सिफारिस सामूहिक भएमा (प्रति निवेदक) रु. | २४०।०० |
| २३ | विद्युत सिफारिस | ३६०।०० |
| २४ | जनजाति तथा दलित प्रमाणित | १२०।०० |
| २५ | अंगिकृत नागरीकताको फर्म प्रति एकमा रु. | ६०।०० |
| २६ | बन्द कोठा, घर, पसल आदि खोल्नू पर्दा मूचूल्का वापत | ६००।०० |

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| २७ | अंग्रेजी भाषामा सिफारिस गर्दा रु. (कूनै पनि विषयको) | ६००।०० |
| २८ | कूनै पनि संघ सस्था खोल्ने इजाजत सिफारिस<br>क्लव खोल्ने इजाजत सिफारिस | ५००।००<br>६००।०० |
| २९ | फाईनान्स बैंक तथा सटही काउन्टर आदि खोल्न सिफारिस | २४००।०० |
| ३० | घरबाटो सिफरिस गर्दा घर भएको मुल्याङ्कन गरिए बापत<br>(घर विवरण मुल्याङ्कन सेवा शूल्क) रजिश्टेशन प्रयोजनको लागी | |
| क | १००० वर्ग फुट सम्म | ४००।०० |
| ख | १००१ देखि १५०० वर्गफुट सम्म | ६००।०० |
| ग | १५०१ देखि २००० वर्गफुट सम्म | ८४०।०० |
| घ | २००१ देखि ३००० वर्गफुट सम्म | १२००। |
| ङ | ३००० वर्गफुट भन्दा माथी | १८००।०० |
| ३१ | घरबाटो सिफारिस(फुदवाङ सन्धिखर्क, चूत्रावेसी र विहार क्षेत्र माटे सम्म<br>सो बाहेक अन्य क्षेत्रको<br>बाटो नभएको ग्रामिण क्षेत्र | १२००।००<br>६००।००<br>३००।०० |

## ११. दस्तूर

स्थानीय स्वयत्त शासन ऐन नियमावली अनूसार तपसील बमोजिम यस कार्यालयले प्रदानगर्ने तपसीलका सेवाहरुमा निम्न बमोजिम दस्तूर लिने निर्णय गरियो ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | प्रत्येक व्यवसायको रजिष्ट्रेशन दस्तूर | १२०।०० |
| २ | नीबेदन फाराम दस्तूर | १५।०० |

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| ३ | कोटेशन टेण्डर फाराम आर्थिक प्रशासन सम्वन्धि नियम बमोजिम हूने छ | |
| ४ | चारित्रिक प्रमाण पत्र  तथा (चरीत्र सम्बन्धी) प्रहरी र अन्य संघ संस्थालाई सिफारिस वापत दस्तूर | ६००।०० |
| ५ | छात्रवृत्तिको लागि सिफारिस दस्तूर | १२०।०० |
| ६ | नोकरी अवधि र विदाको प्रमाणित सिफारिसमा | १८०।०० |
| ७ | सम्वन्ध विच्छेद सिफारिस (दूवै तर्फबाट ३०० का दरले) | ६००।०० |
| ८ | विद्यालय खोल्न स्वीकृतीको लागि सिफारीस दस्तूरः | |
| १ | आधारभूत तह | २०००।०० |
| २ | मा.वि. | ३०००।०० |
| ९ | निजी विद्यालय खोल्न स्वीकृतीको लागि थप (१००%) सिफारीस दस्तूर लाग्ने छ | |
| १० | जन्म, विवाहित, अविवाहित र मृत्यु प्रमाणीत सिफारिस नेपालीमा | १२०।०० |
| ११ | घटना दर्ता | १००।०० |

**१५. <u>नक्शापास दस्तुर</u>**

स्थानिय स्वायत्त शासन ऐन नियमावली अनुसार भवन निर्माण गर्दा तपसील बमोजिम नक्शा पास शूल्क लगाउने निर्णय गरियो ।

**क) आर.सि.सि. भएका भवनमा**

| **विवरण** | **पक्की आर सी सी नक्शापास शूल्क प्रति वर्ग फीटको दरले** | **कच्ची घर नक्शापास शूल्क प्रति वर्ग फीटको दरले** |
|---|---|---|
| **आर.सि.सि. भएका भवनमा** | | |
| १००० वर्ग फिट भन्दा थोरै | ६।०० | ३।०० |
| १००० वर्ग फिट भन्दा वढी | ९।०० | ३।०० |

**ख) आर.सी.सी. बाहेकका भवनमा**

| क.सं. | विवरण | दस्तूर |
|---|---|---|
| १ | ईटा, ढुंगा, ल्बक सिमेन्टको गाह्रो टिन टाइल छाना प्रति वर्गफिट | २।०० |
| २ | ईटा ढुंगाको गाह्रो माटोको जोडाई टिन, प्रति वर्गफिट | २।०० |
| ३ | ट्रसमा टिनको छाना प्रति वर्गफिट | १।०० |
| ४ | अस्थायी कच्ची घर टाटीले बारेको | १।०० |

**ग) सबै प्रकारका भवनमा**

| क.सं. | विवरण | दस्तूर |
|---|---|---|
| १. | घर मर्मत इजाजत शूल्क | रु.१०० अथवा ५० पैसा (प्र.व.फि.मध्ये वढी हून आउने) |
| २ | वहाल विटौरी अस्थायी जमिनमा इजाजत | ३००।०० |
| ३ | बाउण्डरी पर्खाल नक्सा पास प | ५००।०० |
| ४ | काँडेतार फेन्सिङ्ग | ३५०।०० |

**ङ) दस्तूरहरु**

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | निर्माण सम्पन्न प्रमाणपत्र दस्तूर | ६००।०० |
| २. | प्राविधिक प्रतिवेदन दस्तूर | ९६०।०० |

१। नक्सा पास नगरी निर्माण सम्पन्न संरचनाको अभिलेख प्रमाणित गर्द ५० प्रतिशत दण्ड जरिवाना लाग्नेछ ।

२। एक ब्याक्तीबाट अर्को ब्याक्तीमा नक्सा नामसारी गर्नुपरेमा नक्सा पास दस्तुरको ४० प्रतिशत लाग्नेछ ।

३। नगरपालीका क्षेत्र भित्रका सबारी गाडीधनीहरुबाट देहाय बमोजीमको बार्षिक दस्तुर लाग्नेछ ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | बस | २०००।०० |

| | | |
|---|---|---|
| २ | ट्रक | २०००।०० |
| ३ | मिनी ट्रक, मिनी बस | १५००।०० |
| ४ | जिप,कार,भ्यान | १०००।०० |
| ५ | ट्याक्टर | १३००।०० |
| ६ | मोटरसाईकल,स्कूटर | ३००।०० |
| ७ | डोजर,स्काभेटर,जे.सी.बी.,ग्रेडर | ३०००।०० |
| ८ | रोलर | २०००।०० |
| ९ | मिक्चर | १०००।०० |

कर नीतिहरु :

- कर दर थोरै कराधार बढी बनाउने नीतिलाई प्राथमिकता दिने ।
- व्यवसाय तथा घर वहाल करको दायरालाई वृद्धि गर्ने कर प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन
- कर सम्बन्धी चेतना बढाउनको लागि कर दाता शिक्षा कार्यक्रम संचालन गर्ने ।
- कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न नगरपालिकाको निर्णय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- बढि कर तिरने करदातालाई सम्मान गर्ने निति अगाडी बढाउने